मा. विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

# नेपाल सरकार

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर,नेपाल

## शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस २०७७ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण बागमती प्रदेशबासी लगायत सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। आजको दिनले हामी सबैलाई प्रजातन्त्रका आधारभूत मूल्य र मान्यता आत्मसात् गर्दै अघि बढ्ने उत्प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

२००७ साल फागुन ७ गतेका दिन निरङ्कुशता विरुद्धको बलिदानीपूर्ण संघर्षको परिणाम स्वरुप मानव अधिकार तथा राजनैतिक स्वतन्त्रा हासिल गरेको ऐतिहासिक दिनको सम्झनामा प्रत्येक बर्ष फागुन ७ गतेलाइ राष्ट्रिय प्रजातन्त्र दिवसको रुपमा मनाउँदै आइएको छ।

अन्तमा, आज ७१ औं प्रजातन्त्र दिवस मनाइरहँदा प्रजातन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै यस दिवसले प्रजातन्त्रलाई जीवन पद्धति बनाएर अगाडि बढ्ने प्रेरणा हामी सबै नेपालीमा दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद !**

**मितिः २०७७ फागुन ०७ गते शुक्रबार।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**